जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक ५१ २०७९ साल भदौ ३१ गते शुक्रबार (16 Sep 2022 Friday) मूल्य रु. ५/-




Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : चिनियाँ नेता ली भ्रमणको सन्देश ... ३ पृष्ठमा : बहत्तर प्रतिशत हुलाकी ... ३ पृष्ठमा सिरियालाई सहयोग गर्न...

# विदेशी महिलालाई कम्तिमा ७ वर्षसम्मको अवधीमा नागरिकता प्रदान गर्नुपर्छ : कमल थापा



**दैनिक समाचारदाता**
**राजविराज, ३० भदौ ।**

राप्रपा नेपालका अध्यक्ष कमल थापाले जन्मसिद्ध नागरिकता पाएकाहरुले संविधान बमोजिम बंशजको नागरिकता पाउनु पर्ने भन्दै नेपाली नागरिकसँग विवाह गरेर ल्याइएका विदेशी महिलालाई कम्तिमा ७ वर्षसम्मको अवधीमा नागरिकता प्रदान गर्नु पर्ने धारणा राखेका छन् ।

शुक्रबार राजविराजमा आयोजित कार्यकर्ता भेलालाई सम्बोधन गर्न आएका अध्यक्ष थापाले संचारकर्मीहरुसँग कुराकानी गर्दै सो धारणा राखेका हुन् । उनले विवाह गरेर आउने बित्तिकै महिलामा राष्ट्रियताको अनुभुतीका निम्ति समयअवधी तोकर नागरिकता प्रदान गर्नुपर्ने बताए ।

उनले ती महिलालाई नेपालमा बस्नका लागि विभिन्न खाले सुविधा दिनुपर्ने तर नागरिकताका लागि समयअवधी नै तोकिनु पर्ने उल्लेख गरे । भारतमा नागरिकताका लागि ७ वर्ष, बंगलादेश तथा भुटानमा समेत बैवाहिक नागरिकताका लागि समयसीमा तोकिएको उदाहरण समेत प्रस्तुत गरे ।

यस्तै अध्यक्ष थापाले पूर्वराजाको बिषयमा अब कुनै टीकाटिप्पणी नगर्ने बताएका छन् । उनले लामो समयसम्म राजा र राजसंस्थाप्रति आस्था र विश्वास राखेर काम गरेपनि अहिले मन कुँडिएको बताउँदै राजसंस्था र राजाप्रतिको मायाको कारण अब सबै आरोप प्रत्यारोपबाट मुक्त भएको बताए ।

प्रमुख राजनीतिक दलका नेताहरुमा चुनाव लड्न, सत्तामा पुग्न, सत्तामा पुगेपछि टिक्नका निम्ति बाहिरिया शक्तिहरुको आशिर्वाद र सहयोग हासिल गर्ने आत्मसमर्पणवादी मानसिकता हाबी भएको उनले बताए ।

# थप एक सय २६ जना संक्रमित

**दैनिक समाचारदाता**
**काठमाडौँ, ३० भदौ ।**

देशभर पछिल्लो २४ घण्टामा थप एक सय २६ जनामा कोभिड-१९ संक्रमण पुष्टि भएको छ ।

पछिल्लो २४ घण्टामा तीन हजार सात सय ९० जनाको नमूना परीक्षण गरिएको थियो । एक हजार छ सय ७४ जनाको पिसिआर र दुई हजार एक सय १६ जनाको एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

पछिल्लो चौबिस घण्टामा एक सय ३७ जना कोरोनाबाट मुक्त भएका छन् । योसँगै कोरोनाबाट मुक्त हुनेको संख्या नौ लाख ८४ हजार नौ सय ७७ पुगेको छ । संक्रमण मुक्त हुने दर ९८ दशमलव छ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

हाल सक्रिय कोरोना संक्रमितको संख्या दुई हजार एक सय २९ रहेको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या १२ हजार १५ पुगेको छ । हाल होम आइसोलेशनमा दुई हजार ६२, संस्थागत आइसोलेशनमा ६७ र आइसियुमा १८ संक्रमित रहेका छन् ।

# मोबाइल सेटको गैरकानुनी आयात रोक्न एमडिएमएस प्रणाली सुरु

काठमाडौँ, २९ भदौ (रासस) ।

नेपाल दूरसञ्चार प्राधिकरणले मोबाइल सेटको गैरकानुनी आयात, बिक्री वितरण तथा प्रयोगलाई निरूत्साहित गर्ने उद्देश्यले एमडिएमएस प्रणाली सुरु गरेको छ ।

प्राधिकरणले मोबाइल सेटको गैरकानुनी बिक्री वितरणलाई रोक्दै थप व्यवस्थित गर्न, चोरी भएका तथा हराएका मोबाइल सेटको ट्र्याकिङ/ब्लकिङ गरी नेपालभित्र त्यस्ता मोबाइल नचल्ने व्यवस्था गर्न सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले बिहीबार सो प्रणालीको सुरुआत गर्नुभयो ।

प्राधिकरणले एमडिएमएस प्रणाली सुरु गरेसँगै विदेशबाट व्यक्तिगत तवरले ल्याइएका मोबाइल सेटलगायत बिहीबारको मितिसम्म चालु रहेका सबै मोबाइल सेट स्वत: एमडिएमएस प्रणालीमा दर्ता हुने व्यवस्थासमेत गरेको छ । प्राधिकरणले बिहीबारदेखि मोबाइल खरिद गर्दा उक्त मोबाइल सेट नेपाल दूरसञ्चार प्राधिकरणको एमडिएमएस प्रणाली (mdms.nta.gov.np) मा दर्ता भए/नभएको यकिन गरी मात्र खरिद गर्नुहुन अनुरोध गरेको छ ।

सोही अवसरमा मन्त्री कार्कीले एमडिएमएस प्रणालीले अवैधरूपमा खरिद बिक्रीको कार्यलाई रोक्ने र मुलुकको अर्थतन्त्र र मोबाइलको व्यापारमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गर्नुभयो । वर्तमान सरकार नीति क्षेत्रलाई प्रोत्साहित गर्न चाहेको र निजी क्षेत्रसँग हातेमालो गरेर मात्रै मुलुकलाई समृद्ध बनाउने नेपालीको अभिलाषा पूरा हुने उहाँको भनाइ थियो ।

सञ्चार मन्त्रालयका सचिव डा बैकुण्ठ अर्यालले एमडिएमएस प्रणाली सुरु गरेसँगै आउने विविध समस्यालाई पनि सँगै समाधान गर्दै लैजानुपर्नेमा जोड दिनुभयो । प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले मोबाइल आयातकर्ता/विक्रेताले मोबाइल आयात गर्नुअघि अनिवार्यरूपमा प्राधिकरणको स्वीकृति लिई प्राधिकरणमा दर्ता भएका मोबाइल मात्र बिक्री वितरण गर्न अपिल गर्नुभयो ।



Head Office Kathmandu 5325377, 5366517 • Corporate 9801902885 • Madhesh Province Rajan Automobiles, Siraha 9805951766 • Om Shanti Ent., Dhanusha 9801665919 Ma Durga Automobiles, Ramgopalpur 9814881700 • Puja Bike, Barthwa 9812018596 • NGM Birgunj 529667 • Shree Bhadrakali Mahalaxmi, Rajbiraj 533542 City Traders, Lahan 562201 • Sita Mahesh, Mirchaiya 550803 • Bikash General Trading, Janakpur 9818056443 • Swastik Auto, Janakpur 527426 Shankar Automobiles, Dhanushadham 414063 • Sonali Ent., Jaleshwor 521095 • Shanti Auto, Bardibas 550552 • Rajib Auto Trade, Gaushala 556186 Rohit Auto Center, Malangwa 521711 • Sachin Ent., Chandranigapur 540739 • Sunlight Motors, Gaur 521109 • Shree siddhibinayak, Simara 9817227685 S.S. Bike, Kalaiya 590896

# चिनियाँ नेता ली भ्रमणको सन्देश : नेपाल चीनको प्राथमिकतामा

रमेश लम्साल

काठमाडौँ, ३० भदौ (रासस)।

सभामुख अग्निप्रसाद सापकोटाको मैत्रीपूर्ण निमन्त्रणामा चार दिने नेपाल भ्रमणमा आउनुभएका जनवादी गणतन्त्र चीनको राष्ट्रिय जनकङ्ग्रेसका स्थायी समितिका अध्यक्ष ली चान्शु स्वदेश फर्किसक्नुभएको छ। भ्रमणको सन्देश कस्तो रह्यो भन्ने बारेमा चासो र चर्चा भने कायमै छ।

पछिल्ला दिनमा चीनका उच्चस्तरीय राजनीतिक नेतृत्वले नेपाललाई प्राथमिकतामा राखेको पनि भ्रमणका शृंखलाहरूले पुष्टि गरेको छ। दुई देशबीच सदियौँदेखि मैत्री सम्बन्ध रहँदै आएको छ। कूटनीतिक सम्बन्ध स्थापनापछि पनि नेपाल र चीनबीचको सम्बन्ध थप विस्तार भइरहेको छ।

पछिल्ला दिनमा चिनियाँ राष्ट्रपतिले अगाडि सार्नुभएको आर्थिक विकाससहितको साझेदारीको कार्यक्रम 'बीआरआई' को एउटा सदस्य राष्ट्रका रूपमा नेपालले समेत हस्ताक्षर गरेको सन्दर्भमा सम्बन्धमा आयाम पनि नयाँ रूपमा अभिव्यक्त भएको छ।

पछिल्लो छ महिनाका बीचमा चिनियाँ विदेशमन्त्री एवम् स्टेट काउन्सिलर वाङ यी, मन्त्रीस्तरीय हैसियतमा रहनुभएका चिनियाँ कम्युनिस्ट पार्टीका विदेश विभाग प्रमुख लिउ जिआन्चाओदेखि अध्यक्ष ली सम्मको भ्रमणको शृंखला हेर्दा चीनले नेपाललाई महत्व दिएको अर्थका रूपमा लिन सकिन्छ।

अरनिको राजमार्गको विस्तारदेखि शुरु भएको विकास निर्माणको सहकार्य पछिल्ला दिनमा अझै मुखर रूपमा अगाडि बढेको छ। बीआरआई परियोजनाले ठूला भौतिक पूर्वाधारको सम्बन्ध सेतुलाई अझै विस्तार गरेर लैजाने अनुमान गरिए पनि त्यसमा खास प्रगति हुन सकेको छैन।

अध्यक्ष ली को भ्रमणका क्रममा यहाँका राजनीतिक नेतृत्व र सङ्घीय संसद्ले समेत यो विषयलाई प्रमुखताका साथ उठाएको छ। सभामुखसँगको द्विपक्षीय प्रतिनिधिमण्डलस्तरीय भेटवार्ताका क्रममा समेत यस विषयले प्रवेश पाएको छ। सभामुख सापकोटा र अध्यक्ष ली बीच विभिन्न छ बुँदे समझदारीपत्रमा हस्ताक्षर भयो। सम्झौताको एउटा बुँदामा सो विषयले प्राथमिकता पाएको छ।

नेपाल र चीनले राष्ट्र तथा जनताबीचको द्विपक्षीय सम्बन्ध थप गहन बनाउन र सहयोगमा योगदान पुऱ्याउन बहुआयामिक माध्यमबाट सबै तहमा अन्तरसंसदीय आदानप्रदान गर्न सहमति जनाएका छन्। सहयोग सुदृढ गर्न प्रयास गर्ने र दुई व्यवस्थापिकाबीच उच्चस्तरीय भ्रमण र सम्पर्कको आदानप्रदानमा प्राथमिकता दिने अर्को महत्वपूर्ण समझदारी पनि भ्रमणका क्रममा भएका छन्।

संसदीयमैत्री समूहलाई उनीहरूको संलग्नता अभिवृद्धि गर्न प्रोत्साहन गर्दै साथ दिने तथा दुई व्यवस्थापिकाबीच सद्भाव र समझदारी प्रवर्द्धन गर्न सक्रिय भूमिका निर्वाह गरी प्रोत्साहन गर्ने, एकअर्काको विधायिकी, सुपरीवेक्षकीय र शासन सञ्चालनसम्बन्धी अभ्यासका बारेमा जानकारी आदानप्रदान गर्ने भएका छन्।

दुई सरकारबीच सहमति भएबमोजिम बीआरआई मार्फत समेत दुई राष्ट्रहरूबीच अन्तरआबद्धता अभिवृद्धि गरी पारस्परिक लाभको सहयोगमा सहजीकरण गर्न महत्व दिने विषयलाई समेत आत्मसात् गरिएको छ।

भेटवार्ताका क्रममा सभामुख सापकोटाले नेपालको आर्थिक विकासमा चीन सरकार र चिनियाँ जनताका तर्फबाट उपलब्ध गराइएको सहयोगप्रति धन्यवाद व्यक्त गर्नुभएको थियो। कोरोना महामारीका समयमा चीन सरकारका तर्फबाट उपलब्ध सहयोगप्रति पनि सभामुखले आभार प्रकट गर्नुभएको थियो।

दुई देशका जनप्रतिनिधिको शीर्ष नेतृत्वबीच यस्तो खालको द्विपक्षीय छलफल र भेटवार्तालाई पनि ऐतिहासिक घटनाक्रमका रूपमा लिने विश्वास गर्न सकिन्छ। यस्तै त्यसअवसरमा चिनियाँ राष्ट्रपतिले अगाडि सार्नुभएको बीआरआईका विषयमा समेत त्यस अवसरमा छलफल भएको थियो।

संयुक्त सहमतिमा पनि सो विषयले स्थान पाएको छ। यस्तै सहयोग आदानप्रदानका विविध विषयका अलावा नेपालको आर्थिक विकास एवं समृद्धिका विविध आयामका बारेमा पनि महत्वपूर्ण छलफल भएको छ। यो आफैमा अर्को महत्वपूर्ण विषयका रूपमा लिन सकिन्छ।

नेपाल र जनवादी गणतन्त्र चीनबीच सहर्ष कायम रहेको द्विपक्षीय सम्बन्ध र सहयोगलाई थप सुदृढ गर्ने तथा दुई राष्ट्र तथा जनताको आपसी हितका लागि दुवै राष्ट्रहरूबीच सहयोगको आदानप्रदान र आपसी विश्वासलाई अझ गहन तुल्याउने सम्झौताको उद्देश्य छ।

सन् २०१९ को अक्टोबरमा भएको राष्ट्रपति सी जिनपिङको नेपाल भ्रमणका अवसरमा नेपाल सरकार र जनवादी गणतन्त्र चीन सरकारबीच विकास तथा समृद्धिका लागि चिरकालसम्म मैत्रीपूर्ण द्विपक्षीय सम्बन्धलाई सहयोगको रणनीतिक साझेदारीमा अभिवृद्धि गर्ने गरी भएको निर्णयलाई पुन: पुष्टि गर्ने सम्झौतामा हस्ताक्षर भएको छ।

राजनीतिक नेतृत्व, सरकार र सङ्घीय संसद्का बीचमा भएको संवाद तथा विचार विमर्शले पनि चीनले सबै क्षेत्रलाई उत्तिकै महत्व दिएको अर्थका रूपमा लिन सकिने चीन मामिलाका जानकार डा रूपक सापकोटाको भनाइ छ।

राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले लामो समयदेखि चिनियाँ नाका बन्द भएको तथा बीआरआईको कार्यान्वयनमा जटिलता पैदा भएको विषयलाई प्रमुखताका साथ उठाउनुभएको थियो।

प्रधानमन्त्री शेरबहादुर देउवासँगको प्रतिनिधिमण्डलस्तरीय भेटवार्तामा द्विपक्षीय व्यापार, लगानी, सम्पर्क सञ्जालको विस्तार, चीनमा अध्ययनरत नेपाली विद्यार्थी फिर्ता, यात्रु उडान सञ्चालन गर्ने, सीमा बन्दरगाह खोल्नेलगायतका आपसी हितका विविध विषयमा छलफल भएको थियो।

त्यस क्रममा पनि चिनियाँ पक्षले एक चीन नीतिप्रति नेपालको अडान र नेपाली भूमि चीनको हितविरुद्ध प्रयोग हुन नदिने प्रतिबद्धताको खुलेर प्रशंसा गरेको परराष्ट्र मन्त्रालयले जनाएको छ। प्रधानमन्त्री देउवाले चीनले विगतका वर्षदेखि नेपालको विकास प्रयासमा निरन्तर सहयोग गरेकामा प्रशंसा गर्नुभएको थियो।

सो अवसरमा अध्यक्ष लीले चीनले तिब्बतमा कोभिड-१९ को सङ्क्रमण नियन्त्रण गरेपछि छिट्टै सीमा बन्दरगाह खोल्ने र नेपालमा आगामी चाडपर्वका लागि सामान र अत्यावश्यक सामग्री ओसारपसार गर्ने कन्टेनरलाई सहजीकरण गर्ने आश्वासन दिनुभएको थियो।

चिनियाँ प्रतिनिधिमण्डलले नेपालमा चिनियाँ सहयोगमा सञ्चालित आयोजना कार्यान्वयनका लागि पहल गर्ने जानकारी गराएको थियो। नेपालको अनुरोधको जवाफमा चिनियाँ पक्ष नेपालको एलडिसीबाट सहज र दिगो स्तरोन्नतिलाई समर्थन गर्न सक्रिय प्रयास गर्न सहमत भएको थियो।

संयोग पनि कस्तो पर्न गएको छ भने अध्यक्ष लीको भ्रमणकै क्रममा बन्द रहेका उत्तरका दुई नाका बिहीबारदेखि सञ्चालनमा आएका छन्। कोरोना नियन्त्रणका लागि 'शुन्य कोरोना'को नीति अगाडि सारेको चीनले नाका बन्द गरेको अवस्था थियो। दशै तिहार जस्ता चाडबाडको समयमा नाका बन्द हुनु मानवीय हिसाबले पनि अमिल्दो विषय भएको भनेर व्यवसायीले टिप्पणी गरिरहेको सन्दर्भमा ली को भ्रमणकै क्रममा खुलेको छ।

नेकपा(माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले दशैं, तिहार लगायतका चाडपर्व सुरु भएकाले तातोपानी, रसुवागढी सहितका नाका तात्काल खोल्न आग्रह गर्नुभएको थियो। उहाँले नेपाल र चीनबीच बढ्दै गएको व्यापार असन्तुलनलाई सन्तुलनमा ल्याउन चीनले उदारतापूर्वक काम गर्नुपर्ने उल्लेख गर्नुभएको थियो।

अध्यक्ष दाहालले विकास र समृद्धिका लागि रणनैतिक विकास साझेदारीमार्फत नेपालका प्राथमिकताका क्षेत्रका ठूला परियोजनामा आवश्यक लगानी भित्र्याउनका निम्ति चिनियाँ पक्षलाई आग्रह गर्नुभएको थियो।

सन् २०१६ पछि चीन र नेपालका बीचमा आर्थिक विकासका सम्बन्धका महत्वपूर्ण सम्झौता र साझेदारी गर्ने सहमति भएका छन्। यद्यपी कार्यान्वयनको पाटो भने कमजोर रहेको सन्दर्भमा माओवादी अध्यक्ष दाहालले बीआरआई लगायतका परियोजनामार्फत अगाडि बढाइएका आयोजनाको शीघ्र कार्यान्वयनको वातावरण बनाउनुपर्नेमा जोड दिनुभएको थियो।

लामो समयदेखि दुई देशबीच राज्य-राज्य, सरकार-सरकारबीचको सम्बन्ध रहँदै आएको सन्दर्भमा पछिल्लो पटक जनता- जनताबीचको सम्बन्ध विस्तारका रूपमा संसदसँगको सम्बन्धलाई पनि अध्यक्ष ली को भ्रमणले उत्तिकै महत्व दिएको अर्थका रूपमा लिन सकिने चिनियाँ मामिलाका जानकार डा सापकोटाको भनाइ छ र।

उहाँले चिनियाँ राष्ट्रपतिको नेपाल भ्रमणपछि भइरहेका उच्चस्तरीय भ्रमणले नेपाललाई चीनले उत्तिकै महत्व दिएको अर्थका रूपमा लिन सकिने र सम्बन्ध विस्तारका नयाँ नयाँ आयामको खोजीमा पछिल्लो भ्रमण मुखर देखिएको बताउनुभयो। आर्थिक रूपमा शक्तिसम्पन्न देशका रूपमा स्थापित हुँदै गएको चीनका राष्ट्रपति सीजिडपिङको नेतृत्वमा चिनियाँ विशेषतासहितको समाजवाद निर्माणमा लागिपरेको छ।

नेपालले लामो समयदेखि अङ्गीकार गर्दै आएको एक चीन नीति र सुरक्षा चासोप्रति चीन सदैव सकारात्मक रहेको छ। भूराजनीतिक बदलावका बीचमा देखिने अन्तर्राष्ट्रिय विवाद र चासोका बीचमा नेपालको असंलग्न परराष्ट्र नीति तथा एक चीन नीतिप्रतिको पूर्ण प्रतिबद्धता आफैमा महत्वपूर्ण रहेको छ।

नेपाली भूमि कुनै पनि छिमेकीका विरुद्ध प्रयोग हुन नदिनेमा सजग रहँदै आएको छ। नेपाल चीनको असल मित्र रहेको र नेपालको राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता र सार्वभौमिकताको चीनले सधैं सम्मान गर्दै आएको छ।

नेपालको विकास र समृद्धिको बाटोमा चीन सधैं साथमा रहेको छ। नेपाल-चीन बीचको व्यापार घाटा कम गर्न र सीमा नाका खुलाउनका लागि पछिल्लो पटक अध्यक्ष ली ले समेत प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। सोही प्रतिबद्धताको तात्कालीक परिणाम पनि देखिइसकेको छ।

अध्यक्ष ली को भ्रमणका क्रममा नै नेपाली पक्षले सीमा नाका र बीआरआई कार्यान्वयनका लागि गराएको ध्यानकर्षण आफैमा महत्वपूर्ण रहेको त्रिभुवन विश्वविद्यालयका प्राध्यापक खड्ग केसीको भनाइ छ। नाका खुल्ने विषयलाई पनि तत्कालीन रूपमा सकारात्मक रूपमा नै लिन सकिने उहाँको भनाइ छ।

चीन र नेपालको सम्बन्ध रणनीतिक साझेदारीका प्रवेश गरेको भनेर जसरी भ्रमणमा क्रममा विषय उठे र प्रमुख 'प्रतिपक्षी दलका नेताले दोहोऱ्याएकाले' यसलाई थप महत्वका साथ हेर्नुपर्ने उहाँको भनाइ छ। संसदीय प्रक्रियामा पनि सहकार्य गरेर जाने भन्ने विषय अर्को महत्वका साथ हेर्नुपर्ने उहाँको भनाइ छ।

नेपालका वामपन्थी शक्ति एकापसमा मिलुन भनेर गरिएका चर्चाका बीचमा ली को भ्रमणका क्रममा भने यस विषयले प्राथमिकता नपाएको र सतही अनुमान तथा विश्लेषण गरिएको समेत उहाँको टिप्पणी छ। उहाँले भन्नुभयो, "नेपाल प्राथमिकतामा छ भन्ने सन्देश यस भ्रमणबाट दिन खोजिएको होला भनेर लिन सकिन्छ।"

बुधबार मात्रै अध्यक्ष ली ले राष्ट्रपति विद्यादेवी भण्डारीसँगको शिष्टाचार भेटवार्ताका क्रममा समेत दुई देशबीचको सम्बन्ध र आपसी हितका विषयलाई नै केन्द्रमा राखिएको थियो। बुधबार बिहान मात्रै चिनियाँ नेता ली नेतृत्वको प्रतिनिधिमण्डलले भक्तपुर दरबार क्षेत्रमा भूकम्पपछिको पुन:निर्माण परियोजनाको अवलोकन र निरीक्षण तथा स्थानीय कला संस्कृतिको अवलोकन गरेको थियो।

नेपाल भ्रमणमा आउने चिनियाँ नेताले पुरातात्विक महत्वका क्षेत्रमा भ्रमण गर्ने प्रचलन रहँदै आएको छ। यसबाट नेपालमा चिनियाँ पर्यटकलाई आकर्षित गर्न बल पुग्ने जानकारहरूको भनाइ छ। चिनियाँ कम्युनिस्ट पार्टी र नेपालका कम्युनिस्ट पार्टीबीच विशेष खासका सम्बन्ध रहँदै आएको चर्चा बेलाबखतमा हुने गरेको छ।

नेकपा(एमाले)का अध्यक्ष केपी शर्मा ओली र नेकपा( माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' सँगको भेटवार्ता र त्यसक्रममा व्यक्त भएका विचारले पनि त्यसलाई पुन: पुष्टि गरिदिएको छ। अध्यक्ष ली नेतृत्वमा छ जना चिनियाँ उच्च अधिकारी, सुरक्षाकर्मी, सञ्चारकर्मी र अन्य स्टाफसहित ६७ सदस्यीय प्रतिनिधिमण्डलको सहभागिता थियो।

विभिन्न शक्ति राष्ट्रसँग नेपालको सहकार्य बढ्नु र अन्तर्राष्ट्रिय तवरमा नै महत्व पाउने भ्रमण हुनुको पछि नेपालले अवलम्बन गर्दै आइरहेको अन्तर्राष्ट्रिय सम्बन्धको सिद्धान्त नै प्रमुख कारणका रूपमा रहेको डा सापकोटाको भनाइ छ। नेपाल र चीन असल छिमेकी रहेको र यस प्रकारको उच्चस्तरको भ्रमणले दुई देशबीच रहिआएको बहुआयामिक सम्बन्धलाई अझ सुदृढ तुल्याउन मद्दत गर्नेछ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# विद्यालय तहको शैक्षिक क्यालेण्डर ल्याइँदै

काठमाडौँ, ३० भदौ (रासस)।

सरकारले कक्षा १ देखि १२ सम्मको शैक्षिकपात्रो (क्यालेण्डर) प्रकाशन गर्ने तयारी गरेको छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले राष्ट्रिय परीक्षा बोर्डमार्फत सो क्यालेण्डर प्रकाशन गराउन लागेको हो।

कुन तहमा कहिले भर्ना हुन्छ, पढाइ कहिलेसम्म हुन्छ, परीक्षा र परीक्षाफल प्रकाशन कहिले हुन्छ भन्ने विषय समेटेर केही दिनभित्रै विद्यालय तहको शैक्षिक क्यालेण्डर सार्वजनिक हुन लागेको हो। गत वर्षको कक्षा १२ को परीक्षाफल प्रकाशनमा ढिलाइ भएको थियो भने पालिकास्तरमा हुने कक्षा ८ को परीक्षा अधिकांशमा एकै समयमा भए पनि कतिपय पालिकापिच्छे फरक-फरक समयमा हुँदै आएको छ।

तल्लो तहको परीक्षाको परीक्षाफल प्रकाशनमा ढिलाइ वा अन्योल हुँदा माथिल्लो तहको विद्यार्थी भर्नामा अन्योल हुने गरेको छ। कोभिड-१९ पछि शैक्षिकसत्र नै प्रभावित भएको थियो भने आर्थिक वर्ष र शैक्षिकसत्रबीचको समायोजना तथा शैक्षिक तथ्याङ्क र अभिलेखीकरणका लागि तीन तहका सरकारबीच समन्वय हुनसकेको छैन।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले हालसम्म विद्यालय तहको शैक्षिक क्यालेण्डर नभएको सन्दर्भमा केही दिनभित्रै उक्त क्यालेण्डर सार्वजनिक गराइने जानकारी दिनुभयो। शिक्षाका लागि राष्ट्रिय

*बाँकी तीन पृष्ठमा*

# बहत्तर प्रतिशत हुलाकी राजमार्ग निर्माण

**सञ्चिता घिमिरे**
काठमाडौं, ३० भदौ (रासस)।

तराई-मधेसको समृद्धिको आधारका रूपमा हेरिएको हुलाकी राजमार्ग हालसम्म ७२ निर्माण भएको छ। राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको सो राजमार्ग अबको दुई वर्षमा सम्पन्न हुने बताइएको छ।

आयोजनाअन्तर्गत हालसम्म झण्डै नौ सय किलोमिटर सडक कालोपत्र भएकामा अहिले साढे पाँच सय किमीका लागि ठेक्का आह्वान भएर काम अघि बढेको हुलाकी राजमार्ग आयोजना निर्देशनालयले जनाएको छ। चालु आवमा डेढ सय किमी काम काम हुने निर्देशनालयका प्रमुख धर्मेन्द्र झाले जानकारी दिनुभयो। पूर्व-पश्चिम सडकमा झण्डै एक सय किमी र उत्तर र दक्षिणतर्फ झण्डै ५० किमी कालोपत्र गर्न बाँकी छ।

अहिले काम भइरहेकामा कतिपय ठाउँमा 'स्ट्रक्चर' कतै ग्राभेल कतै 'बेस' भइसकेको उहाँले बताउनुभयो। "झापा-मोरडसम्ममा बेस भएको छ र कालोपत्र गर्न बाँकी छ", प्रमुख झाले भन्नुभयो, "बेसको काम भइसकेका ठाउँमा आगामी वर्ष काम सकिनेछ।"

आयोजनाअन्तर्गत पूर्व-पश्चिम जोड्ने सडकसँगै १० सहायक सडक छन्। समग्र आयोजनाको झण्डै दुई सय ५० किमी सडक र पूर्व-पश्चिमको डेढ सय किमी सडक ठेक्का प्रक्रियामा जान बाँकी छ। यी खण्डमा यो वर्ष ठेक्का आह्वानका लागि प्रक्रियामा रहेको र अनुकूल भएपछि प्रक्रिया अघि बढाइने छ भने निकुञ्ज र वन क्षेत्रमा स्वीकृति आएपछि प्रक्रिया अघि बढाउन सकिने उहाँले बताउनुभयो।

चितवन राष्ट्रिय निकुञ्जको नवलपुरबाट सुस्ता पूर्वसम्म, कपिलवस्तु-दाङ-बाँकेसम्मको खण्डमा ठेक्का गर्न बाँकी छ। बाँके र बर्दिया जोड्ने ३१ किमी लामो नेपालगञ्ज-गुलरिया सडक गत बुधबार शिलान्यास भएको थियो। ठेक्का आह्वान गर्न बाँकी खण्डमा प्रक्रियामा जान सकिने प्रमुख झाले बताउनुभयो। उहाँले भन्नुभयो, "इआइए र डिपिआर भइसकेको छ। अब ठेक्का अघि बढाइनेछ।"

ठेक्का आह्वान गर्न बाँकी डेढ सय किमीमा नै वातावरणीय अध्ययन स्वीकृत भएको छ। बहुवर्षीय ठेक्कामा जान स्रोत सुनिश्चित गर्न पनि बाँकी रहेको र त्यसका लागि पनि प्रक्रिया अघि बढाइएको प्रमुख झाले बताउनुभयो। निकुञ्ज र वन क्षेत्रमा वातावरणीय असर पुग्ने भन्दै निर्माण अघि बढाउन सहमति नभएपछि विगतदेखि नै वन क्षेत्रको विकल्प खोज्न छलफल भएको थियो। अहिले दाङ र बाँकेको कल्याणपुर-रुपडिया-राजपुर जङ्गल क्षेत्र भएकाले वैकल्पिक मार्गका विषयमा छलफल भइरहेको छ।

सडक र पुल दुवै सम्पन्न हुन अब दुई वर्ष लाग्ने आयोजनाले जनाएको छ। जम्मा दुई सय ५० पुल निर्माण गर्नुपर्नेमा हालसम्म एक सय २५ वटा सम्पन्न भएको छ। झण्डै ८०-९० पुल निर्माणाधीन छन् भने अझै पनि ४०-५० पुल ठेक्कामा जान बाँकी छ। विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) तयार भइसकेकाले अब प्रक्रियामा जान सकिने उहाँले बताउनुभयो।

अहिलेको कामको गतिका आधारमा विसं २०८२/८३ सम्ममा सडक र पुल सबै सम्पन्न हुनसक्ने बताइएको छ। विगतका वर्षहरूमा कोभिडका कारण काममा बाधा पुगेकाले पनि अवधि थप भएको प्रमुख झाले जानकारी दिनुभयो। आयोजनामा पहिले धेरै रुग्ण पुल रहेकामा अहिले कम भइरहेको छ। रुग्ण पुलका अवधि थप गरेर काम भइरहेको छ। चालु आवमा रुग्ण पुलको निर्माण सकिने तर कन्काई पुल, कान्द्रा, बिरिङ, कमला पुललगायत १० वर्ष पहिले शुरु भएका पुलहरू नै सम्पन्न गर्न बाँकी छ।

सार्वजनिक खरिद नियमावलीको बाह्रौँ संसोधनबमोजिम काम हुनसक्ने देखिएको सबै ठेक्काको अवधि असारसम्म थप गरिएको छ। रुग्ण ठेक्कामा यो अवधिमा यति प्रगति गर्नुपर्ने भनी तोकिएको उहाँले बताउनुभयो। "तीन महिना र छ महिनामा यति-यति गरिसक्नुपर्ने भनी निर्धारण गरिएको छ", प्रमुख झाले भन्नुभयो, "अवधि असारसम्म भएपनि काम नगर्दा तोड्ने प्रक्रियामा अहिले पनि जान सकिन्छ।"

विगतमा कतै निर्माण व्यवसायीका कारण, कतै कोभिडका कारण त कतै निर्माण सामग्रीको मूल्य बृद्धि हुँदा काम नगर्ने व्यवसायीको निर्णय (कन्सट्रक्सन होलिडे) का कारण निर्माणमा बाधा पुगेको थियो। विगत वर्षहरूमा कोभिडका कारणले पनि निर्माणमा अवरोध पुगेको थियो। कतिपय स्थानमा निर्माण व्यवसायीले काम नगरेर ढिलाई भएको थियो। 'कन्सट्रक्सन होलडे' को समयमा कतिपयले गरेपनि अन्यले गरेका थिएनन्।

आयोजनामा गत आबमा सतप्रतिशत प्रगति थियो। एक सय४६ किमी सडक कालोपत्र गर्ने लक्ष्य रहेकामा १५० किमीमा कालोपत्र भएको थियो। सोह्रवटा पुल निर्माण गर्नुपर्नेमा १४ बटा निर्माण भएको आयोजनाले जनाएको छ। सो आयोजनाले आब २०६५/६६ मा निर्माण शुरु गरेर आव २०७४/७५ मा सम्पन्न गर्ने लक्ष्य लिएको थियो तर पछि त्यसलाई संशोधन गरेर आव २०७९/८० पुऱ्याइएको थियो।

राणाकालमा चिठ्ठी आदानप्रदानका लागि प्रयोग हुने भारतीय सीमा नजिकैको सडकलाई नै डेढ दशक पहिले हुलाकी राजमार्ग नामाकरण गरिएको थियो। उक्त राजमार्ग पहिले हुलाकी पुल आयोजनाका रूपमा थियो। पहिले भारत सरकारले सबै सडक अनुदानमा निर्माण गर्ने र पुल सरकारले बनाउने सम्झौता भएको थियो। विसं २०६५/६६ मा भएको समझदारीमा भारतीय प्राविधिक र निर्माण व्यवसायी उताबाट आएर बनाउने उल्लेख थियो। पछि विभिन्न कारणले त्यो 'मोडालिटीमा' काम हुन सकेन। भारतीय पक्ष बीचैमा छाडेर फर्किएपछि आव २०७३/७४ मा हुलाकी राजमार्ग आयोजना निर्देशनालय बनेर हुलाकीको पूर्व-पश्चिम सडकसँगसँगै 'फिडर रोड' अघि बढाइएको थियो।

### *विद्यालय तहको ...*

अभियान नेपालको १३औं वार्षिक साधारणसभाका अवसरमा बिहीबार आयोजित 'आगामी निर्वाचनमा सार्वजनिक शिक्षाका मुद्दाहरू' विषयक छलफल कार्यक्रममा उहाँले शिक्षण सुधारका सवालमा तहगतरूपमा तथा कानुनी, भौतिक, शैक्षिकरूपमा काम भइरहेको र आउने सङ्घीय शिक्षा ऐनले शैक्षिक गुणस्तरका सवाल सम्बोधन गर्ने अपेक्षा व्यक्त गर्नुभयो।

विद्यालय सुधारका क्रममा प्रधानाध्यापक र शिक्षकहरू जिम्मेवार हुनसकेमा मात्रै शिक्षामा सुधार सम्भव हुने उहाँको भनाइ छ। मन्त्री पौडेलले विद्यालय शिक्षामा शैक्षिक क्यालेण्डर व्यवस्थित नभएको सन्दर्भमा स्थानीय तहसँगको सहकार्यमा क्यालेण्डर जारी गर्ने मन्त्रालयको तयारी गरिएको बताउनुभयो। मन्त्री पौडेलले उहाँले सङ्घीय शिक्षा ऐनसँगै प्राविधिक तथा व्यावसायिक शिक्षासम्बन्धीसहित अन्य छवटा शैक्षिक विधेयक ल्याउने तयारी गरेको पनि बताउनुभयो।

शैक्षिक जनशक्ति बेरोजगार हुने र उच्चशिक्षाका लागि विदेशमा जाने मध्ये ९० प्रतिशतसम्म रोजगारीमा संलग्न हुने अवस्थामा परिवर्तन गर्नु आवश्य रहेकामा पनि जोड दिनुभयो। उहाँले राजनीतिक नेतृत्वबाटै शिक्षा सुधारका लागि पहल हुनुपर्ने र कानुनी, भौतिक र गुणस्तरका पक्षमा सरकारका साथै सम्बन्धित सबै पक्षले इमानदाररूपमा लागेमा आगामी १० वर्षमा शिक्षा क्षेत्रमा आमूल परिवर्तन हुने विश्वास व्यक्त गर्नुभयो।

काठमाडौं उपत्यकामा विषय शिक्षकको अभाव नभएको र दरबन्दी पूर्ण रहेको तर अन्य जिल्लामा दरबन्दी मिलान, नमूना विद्यालय विकास, विद्यालय समायोजन र विद्यालयको भौतिक अवस्थामा सुधारको प्रक्रियालाई देशव्यापीरूपमा सञ्चालन गर्ने जनाउनुभयो।

मन्त्री पौडेलले उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०७६ लाई प्रक्रिया पूरा गरेर सार्वजनिक गर्ने प्रतिबद्धता व्यक्त गर्दै शिक्षा क्षेत्रलाई प्राथमिकता दिन स्थानीय तहलाई आग्रह गर्नुभयो।

शिक्षामा कुल बजेटको २० प्रतिशत बजेट बनाउनुपर्ने अवाश्यकता भए पनि हालको रु एक खर्ब ९६ अर्ब बजेट अन्य मन्त्रालयहरूको तुलनामा बढी रहेको उहाँले स्पष्ट गर्नुभयो।

कार्यक्रममा नेकपा (एमाले) का शिक्षा विभाग प्रमुख गुरु बरालले सिकाइ उपलब्धिमा सुधार गर्न सरकार र सम्बन्धित पक्ष लाग्नुपर्ने बताउनुभयो भने नेपाली कांग्रेसका सांसद प्रकाश स्नेही रसाइलीले संविधानमा उल्लेखित अधिकार र दलहरूले बनाएका घोषणापत्रअनुसार शिक्षामा काम हुन नसकेको जनाउनुभयो।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**


## विश्व समाचार

### सिरियालाई सहयोग गर्न राष्ट्रसङ्घका महासचिवको आग्रह

संयुक्त राष्टसङ्घ, ३० भदौ (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरसले सिरियाका लागि सहयोग गर्न आग्रह गर्नुभएको छ। सिरियाका लागि मानवीय सहायता आवश्यक रहेकाले त्यसका लागि आवश्यक सहयोग गर्न आग्रह गर्नुभएको हो।

बुधबार उहाँले सिरियाका नागरिकलाई जीविकाका लागि नै सहयोग गर्नुपर्ने भएकाले त्यसका लागि आवश्यक सहयोग रकम उपलब्ध गराउन माग गर्नुभएको हो।

संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्मा बुधबार महासचिव गुटेरसले विश्व समुदायलाई नै सो आग्रह गर्नुभएको समाचारमा जनाइएको छ।

उहाँले सिरियाली नागरिकको जीवन बचाउने योजनाका लागि संयुक्त राष्ट्रसङ्घले केही कार्यक्रम बनाएको र त्यसका लागि यस वर्षमात्र कम्तीमा पनि चार करोड ४० लाख अमेरिकी डलर रकम चाहिएको बताउनुभयो।

सो रकम सिरियाली नागरिकको जीवन बचाउनका लागि अत्यावश्यक पर्ने मानवीय सहयाताका लागि मात्र आवश्यक रहेको उहाँले जानकारी दिनुभयो। साथै उहाँले यसबाहेक पनि ण्सिरियामा बाहिरबाट आएका शरणार्थी तथा सिरियाबाट भागेर बाहिरिएका शरणार्थीका लागि पनि थप ६.१ मिलियन डलर आवश्यक रहेको उहाँले बताउनुभयो।

यो सबै गरेर सन् २०२२ का लागि मात्र सिरियाका लागि एक करोड पाँच लाख अमेरिकी डलर आवश्यक रहेको जानकारी दिनुभयो।

विगत लामो समयदेखिको आन्तरिक विद्रोह तथा यहाँ परेको खडेरी आदि कारणले गर्दा सिरियाको आर्थिक अवस्था निकै नाजुक रहेको र यहाँका बालबालिकासमेत कुपोषणको शिकार हुँदै गएका बताउँदै उहाँले यस्तो अवस्थामा सिरियाका लागि विशेषतःमानवीय सहयता चाहिएको पनि सो बैठकमा जनाउनुभयो।

### वर्षा र बाढीमा परी पाकिस्तानमा पाँच जनाको मृत्यु

इस्लामावाद, ३० भदौ (रासस/सिन्ह्वा)।

पाकिस्तानका विभिन्न भागमा अविरल वर्षासँगै आएको बाढीमा परी गएको २४ घन्टा यतामात्र पाँच जनाको ज्यान गएको छ। साथै बाढीमा परेर अरु कैयौं व्यक्ति घाइते भएका बताइएको छ। बितेका दुई महिनामा यहाँका एक हजार चार सय ८६ को बाढीबाट ज्यान गएको बताइएको छ।

त्यसैगरी पाकिस्तानको राष्ट्रिय प्रकोप व्यवस्थापन प्राधिकरण (एनडिएमए)ले यहाँका हजारौं व्यक्ति बाढी र पहिरोमा परेर घाइते भएका बुधबार प्रकाशन गरेको एक तथ्याङ्कमा सो कुराको जानकारी दिइएको छ।

पाकिस्तानको दक्षिणपश्चिम प्रान्त बलुचिस्तानमा २४ घन्टा यतामात्र यस वर्षा र बाढीमा परीमा तीन व्यक्तिको मृत्यु, भएको छ। त्यसैगरी खैबर पाख्तुन्ख्वा प्रान्तमा यस प्रकोपको कारण दुई व्यक्तिको मृत्यु भएको समाचारमा जनाइएको छ।

यहाँका तीन करोड ३० लाखभन्दा बढी नागरिक बाढीबाट प्रभावित भएका छन्। हजारौं घर बाढीले बगाएको र लाखौंलाख नागरिक घरबिहनी भएर आश्रय लिइरहेका छन्।

उत्तरपश्चिमी प्रान्त खैबर पख्तुनख्वा, पञ्जाव प्रान्तमा पनि बाढीले असर गरेको छ। सबैभन्दा बढी सिन्धमा र त्यसपछि बलुचिस्तान, गिलगिट र बाल्टिस्तान क्षेत्र बाढीको चपेटामा परेका छन्। बाढीबाट देशको भौतिक संरचनामा पनि अकल्पनीय क्षति पुगेको यहाँका अधिकारीले जनाएका छन्। बाढीले निम्त्याएको विनाशसँगै १२ अर्ब डलरभन्दा बढीको आर्थिक क्षति भएको अनुमान गरिएको छ।

### कोरियाली युद्धमा मारिएका अठासी चिनियाँ सैनिकका अवशेष मातृभूमि पठाइँदै

इन्चेन (दक्षिण कोरिया), ३० भदौ (रासस/सिन्ह्वा)।

सन् १९५०-५३ मा भएको कोरियाली युद्धमा मारिएका ८८ जना चिनियाँ सैनिकका शवका अवशेष 'कफिन' मा राखेर उनीहरूको मातृभूमि पठाइँदै छ।

बिहीबार यहाँ एक कार्यक्रम आयोजना गरी सैनिकका शवका अवशेष कफिनमा राखियो। त्यस अवसरमा चिनियाँ सशस्त्र बलका पूर्वउपमन्त्री चाङ झेङगुओ नेतृत्वको चिनियाँ प्रतिनिधिमण्डल, दक्षिण कोरियास्थित चिनियाँ दूतावासका अधिकारी, दक्षिण कोरियाली रक्षा मन्त्रालयका अधिकारी र अवशेषहरूको उत्खनन र पहिचानमा संलग्न कर्मचारीहरूको उपस्थिति थियो।

चिनियाँ प्रतिनिधिमण्डलका सबै सदस्यहरूले चिनियाँ जन स्वयंसेवक शहीदहरूप्रति तीन पटक नतमस्तक भएर श्रद्धाञ्जलि अर्पण गरेका थिएभने दक्षिण कोरियाली पक्षले शवलाई कफिनमा राख्नु अघि फूलका गुच्छा चढाएर सम्मान गरेका थिए।

चीन र दक्षिण कोरियाले सन् २०१४ देखि २०२१ सम्म लगातार आठ वर्षसम्म दक्षिण कोरियामा रहेका आठ सय २५ चिनियाँ जन स्वयंसेवक शहीदको शव मानवीय सिद्धान्त, मित्रता र व्यावहारिक सहयोगको भावनामा सफलतापूर्वक हस्तान्तरण गरेका छन्।

# सामुदायिक बिधालयहरूको शिक्षण विधि प्रक्रियालाई प्रभावकारी बनाउनु पर्नेमा जोड




**दैनिक समाचारदाता**
**राजविराज, ३० भदौ ।**

सामुदायिक बिधालयहरूको गुणस्तरिय शिक्षामा सुधारका लागि शिक्षण विधि प्रक्रियालाई प्रभावकारी बनाउनुपर्नेमा सरोकारवालाहरूले जोड दिएका छन ।

सप्तरीको बिष्णुपुर गाउपालिकाका अधिकांश सामुदायिक बिधालयमा शिक्षण सिकाई विधि प्रयोग नगर्दा बिधार्थीहरूको कक्षागत सिकाई प्रगति कमजोर बन्दै गएको सरोकारवालाहरूले कक्षामा अवलोकन गर्ने क्रममा सो कुरामा जोड दिएका हुन् ।

बिष्णुपुर गाउपालिका अध्यक्ष उमेश यादबले राप्राबि रंजितपुर, जनता माबि कनकटा, जनता माबि खुरहुरिया बिधालयहरूको कक्षागत शिक्षण सिकाई निकै कमजोर रहेकोले शिक्षण सिकाई प्रविधि प्रयोग शिक्षण सिकाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिए ।

अध्यक्ष यादबले राप्राबि रंजितपुर बिधालयमा कक्षा ५ मा बिधार्थीहरूलाई सिकाई उपलब्धी चेकगर्दा उनीहरूलाई समान्य जोडघटाउन समेत नआएको गुनासो गर्दै भने बिधालयमा शिक्षण सिकाई विधि प्रभावकारी बनाउन बिधालयका प्राधानाध्यापकलाई निर्देशन समेत दिए ।

बिधालयमा निरिक्षण क्रममा बालविकास केन्द्रमा ६ जना वालवालिका उपस्थिति रहेको थियो भने कक्षा १ र २ मा १६ जना, कक्षा ३ मा ६ जना, कक्षा ४ मा ६ जना र कक्षा ५ मा २० जनाको उपस्थिति रहेको थियो ।

यता बिधालयका प्रअ रामेन्द्र यादबले भौतिक पुर्वाधारका कारण शिक्षण सिकाई क्रियाकलापमा समस्या उत्पन्न भएको बताउछन ।

बिष्णुपुर गाउपालिका अध्यक्ष उमेश यादबले शिक्षालाई प्रभावकारी सँगै गुणस्तरिय शिक्षा प्रदान गर्नका लागि शिक्षकहरूले ईमान्दारितापुर्वक काम गर्न आग्रह गरे ।

उनले जनता माबि कनकटा बिधालयमा आफु सक्दो सहयोग गर्न तयार रहेकोले आउने दिनमा बिधालयलाई उच्च शिक्षा (स्नातक सम्मको) कक्षा संचालन गर्ने प्रतिबद्धता जनाए ।

बिधालय शैक्षिक सुधारका लागि शिक्षण बिधिका सुचकहरूको प्रयोग गरी बालविकास केन्द्र शैक्षिक सामग्री प्रयोग गरेर शिक्षण सिकाई विधि अनुसार सिकाईलाई प्रभावकारी बनाउन कक्षा १, २, ३, ४, ५ छापामय कक्षा कोठा बनाउनु पर्ने सेभद सप्तरीका शिक्षा अधिकृत दुर्गानन्द शर्माले सुझाव दिए ।

सेभ द सप्तरी र सेभ द चिल्ड्रेनको सहयोग तथा बिष्णुपुर गाउपालिकाको समन्वयमा बिधालय अनुगमन जनतामावि खुरहुरियामा पनि सरोकारवालाहरूले बिधालयको शैक्षिक गतिविधि सँगै कक्षा अवलोकन समेत गरिएको थियो ।

उक्त अवसरमा बिष्णुपुर गाउपालिका प्रमुख प्रशासकिय अधिकृत रमेश यादब, शिक्षा संया्जक अर्जुन यादब, शाखा अधिकृत सुभाष मण्डल, स्वास्थ शाखाका सुनिल यादब, सेभद सप्तरीका सचिव नरेन्द्र यादब, पत्रकार चन्दन यादव लगायतको सहभागिता रहेको थियो ।

# सार्वजनिकस्थलमा सुर्तीजन्य पदार्थ निषेध गर्दै कामपा

काठमाडौँ, ३० भदौ (रासस) ।

काठमाडौँ महानगरपालिकाले सार्वजनिकस्थलमा धुमपान तथा सुर्तीजन्य पदार्थ सेवनलाई निषेध गर्ने भएको छ । महानगरपालिकाको नगरसभाको ११औँ अधिवेशनबाट सार्वजनिकस्थलमा धुमपान गर्न निषेध गर्ने व्यवस्था प्रभावकारीरूपमा कार्यान्वयन गर्ने नीति पारित गरेको छ ।

महानगरपालिकाले एक सूचना जारी गर्दै आउँदो असोज १ गतेबाट महानगरका सार्वजनिकस्थलमा चुरोट, बिडी, तमाखु, सुल्फा, कक्कड, कच्चा सुर्ती, खैनी, गुट्खा वा यस्तै प्रकारका अन्य पदार्थ मुखमा राख्ने, त्यस्तो पदार्थको नसा लिने वा सेवन गर्ने कार्य निषेध गरिएको जनाएको छ ।

यसैगरी महानगरको नियम उल्लङ्घन गरेमा सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन, २०६८ समेतका आधारमा कानुन उल्लङ्घन गर्ने व्यक्तिलाई सार्वजनिकस्थलबाट बाहिर निकाल्ने वा तोकिएबमोजिमको जरिवानासमेत हुने महानगरपालिका निर्देशक तथा सूचना अधिकारी वसन्त आचार्यले जानकारी दिनुभयो ।

भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

V-JTA भेटनरी जे.टी.ए. १८ महिने

P-JTA बाली विज्ञान १८ महिने

हाम्रा बिशेषताहरु –

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

केही सिट बाँकी रहेकोले तुरुन्त सम्पर्क राख्नुहोला ।

जगदम्बा मेडिकल इन्स्टिच्यूट

राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक

फोन नं. ०३१-५२१४७८

मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

# बजाजको नयाँ मोडलका बाइकको बिक्रि सुरु



**दैनिक समाचारदाता**
**राजविराज, ३० भदौ ।**

हंसराज हुलास चन्द एण्ड कम्पनीले "बजाज आधाको आधा" नामक ग्राहक योजना ल्याएको छ ।

दशैं, तिहार र छठ पर्वको अवसरमा कम्पनीले आफ्ना ग्राहकहरुका लागि सो योजना ल्याएको जनाएको छ ।

यसैबीच बजाजको आधिकारिक बिक्रेता राजविराजस्थित खान आटोमोवाइलले नयाँ मोडलका बाइकको बिहीबारदेखी बिक्रि सुरु गरेको छ। एनएस मोडलको २ लाख ७९ हजार ९ सय मुल्य पर्ने पल्सर १२५ सीसी मोडलका बाइकको बिक्रि सुरु गरिएको अटोमोवाइलका संचालक कलिम खानले जानकारी दिए ।

योजना अन्तरगत ग्राहकहरुलाई आफूले खरीद गर्न लागेको बाइकको मुल्यको आधाको आधा अर्थात २५ प्रतिशत मात्र डाउन पेमेण्ट गरि बाइक लैजान सक्ने सुविधा दिइएको छ। यस योजनामा हरेक बाइकको खरीदमा ७ हजार नगद छुट र फाइनान्सको सुविधा समेतको व्यवस्था गरिएको संचालक खानले बताए ।

सर्पको टोकाईबाट बचौं र बचाऔं ।

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- घाईतेलाई सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी नसुताई सवारी साधनमा बसाएर लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक) तिर नलागौं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*